सिम्रौनगढ नगरपालिका द्वारा प्रकाशित

# सिम्रौनगढ राजपत्र

खण्ड : ५ संख्या : ३ मिति : २०८०/०७/२५

भाग : २

सिम्रौनगढ नगरपालिका,बारा,मधेश प्रदेश,नेपाल

## सिम्रौनगढ नगर अस्पताल संचालन व्यवस्थापन सम्बन्धी कार्यबिधि-२०८०

प्रमाणिकरण मिति : २०८०/०७/२४

**प्रस्तावनाः**

सिम्रौनगढ नगरपालिका भित्र स्वास्थ्य सेवाबाट कुनैपनी नगरिक बन्चित हुने अवस्था आउन नदिन उपलब्ध श्रोत र साधनको समुचित प्रयोग गर्दै नेपलाको संबिधानले स्थानीय तहलाई प्रत्याभुत गरेको स्वास्थ्य सम्बन्धी अधिकारलाई कार्यन्वयन गर्न,नगरपालिकाबाट उपलब्ध हुने अधारभुत स्वास्थ्य सेवा लगायतको स्वास्थ्य सेवालाई सहज, प्रभावकारी,व्यवस्थित र गुणस्तरीय बनाउन सिम्रौनगढ नगरपालिकाले स्थापना गरेको सिम्रौनगढ नगर अस्पताल संचालन व्यवस्थापन गर्न वाच्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन२०७४को दफा १०२ बमोजिम सिम्रौनगढ नगरपालिकाको सातौ नगर सभाले यो कार्यबिधि जारी गरेको छ ।

## परिच्छेद-१

### प्रारम्भ

१.संक्षिप्त नाम र प्रारम्भः(१) यो कार्यविधिको नामः- सिम्रौनगढ नगर अस्पताल संचालन व्यवस्थापन सम्बन्धी कार्यविधि "२०८०" रहेको छ ।

(२) यो कार्यविधि तुरन्त प्रारम्भ हुने छ ।

२.परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"अस्पताल भन्नाले"** सिम्रौनगढ नगरपालिकाले संचालन गरेको सिम्रौनगढ नगर अस्पताललाई सम्झनु पर्दछ ।

(ख) **स्थानीय तह भन्नाले**: सिम्रौनगढ नगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) **नगर सभा भन्नाले**: सिम्रौनगढ नगरपालिकाको नगर सभा सम्झनु पर्दछ ।

(घ) **प्रमुख भन्नाले**:- सिम्रौनगढ नगरपालिकको नगर प्रमुख सम्झनु पर्दछ ।

(ङ) **समिति भन्नाले**: दफा ३ बमोजिम गठित सिम्रौनगढ नगर अस्पताल संचालन तथा व्यवस्थापन समिति सम्झनु पर्दछ ।

(च) **"नगरपालिका क्षेत्र भन्नाले"** सिम्रौनगढ नगरपालिकाको भुभाग सम्झनु पर्दछ ।

(छ) **"अध्यक्ष भन्नाले"** सिम्रौनगढ नगरपालिकाले संचाल गरेको नगर अस्पताल संचालन तथा व्यवस्थापन समितिको अध्यक्ष सम्झनु पर्दछ ।

(ज) **"अस्पताल प्रमुख भन्नाले"** सिम्रौनगढ नगर अस्पतालमा कार्यरत चिकित्सक/स्वास्थ्यकर्मीहरू मध्ये सबै भन्दा जेष्ठ कर्मचारी वा समितिले तोके बमोजिमको कर्मचारीलाई सम्झनु पर्दछ ।

(झ) **पदाधिकारी भन्नाले**: व्यस्थापन समितिका अध्यक्ष,उपाध्यक्ष र सदस्य लगायतका पदाधिकारीलाई सम्झनु पर्दछ ।

(ञ) **चिकित्सक/स्वास्थ्यकर्मी भन्नाले**: स्वास्थ्य सेवा प्रदान गर्न प्रचलित कानुन बमोजिम सम्बन्धित परिषदबाट अनुमतिप्राप्त व्यक्ति सम्झनु पर्दछ ।

(ट) **उप प्रमुख भन्नाले**: सिम्रौनगढ नगरपालिकाका उप प्रमुख लाई सम्झनु पर्दछ ।

(ठ) **शाखा भन्नाले**: सिम्रौनगढ नगरपालिकाको जनस्वास्थ्य शाखा लाई सम्झनु पर्दछ ।

(ड) **संयोजक भन्नाले**: अधिकृत स्तरका स्थाई कर्मचारी बाट व्यस्थापन समितिले नगरपालिका र अन्य निकाय संग समन्वय,पत्रचार आदि कार्य गर्न तोकिएको व्यक्ति सम्झनु पर्दछ ।

(ढ) **कार्यपालिका भन्नाले**: सिम्रौनगढ नगरकार्यपालिकालाई सम्झनु पर्दछ ।

(ण) **प्रमुख प्रशासकिय अधिकृत भन्नाले**:सिम्रौनगढ मा कार्यरत रहेका प्रमुख प्रशासकिय अधिकृत तथा प्रमुख प्रसासकिय अधिकृतका जिम्मेवारी पाएका नि.प्रमुख प्रशासकिय अधिकृत लाई सम्झनु पर्दछ ।

## परिच्छेद-२



CamScanner

## नगर अस्पताल व्यवस्थापन समितिको गठन तथा संचालन

**३. समितिको गठनः**

(१) नगर अस्पताल संचालन तथा व्यवस्थापनको लागी देहाय बमोजिमको व्यवस्थान समिति हुनेछ।

(क) नगर प्रमुख-अध्यक्ष

(ख) नगर उपप्रमुख-उपाध्यक्ष

(ग) अस्पताल रहेको सम्बन्धित वडाका वडा अध्यक्ष -सदस्य

(घ) सम्बन्धित वडाका वडा समितिले तोकेका निर्वाचित दलित महिला सदस्य-सदस्य

(ङ) स्वास्थ्य क्षेत्रमा कृयाशिल स्थानीय स्वास्थ्यक्षेत्रको विज्ञ मध्ये नगर प्रमुखले तोकेको एक महिला सहित दुई जना -सदस्य

(च) सामाजिक विकास समितिका संयोजक-सदस्य

(छ) नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत-सदस्य

(ज) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख-सदस्य

(झ) अस्पताल प्रमुख-सदस्य

(ञ) अस्पताल संयोजक-सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार स्वास्थ्य क्षेत्रका विषय विज्ञ,जनप्रतिनिधि तथा कर्मचारीलाई बैठकमा आमन्त्रित गर्न सक्ने छ ।

**४. समितिको पदावधिः**

(क) समितिको पदावधि प्रमुखको पदावधि रहे सम्म रहने छ ।

(ख) प्रमुखले मनोनित गरेको सदस्यको पदावधि २ बर्षको हुनेछ ।

(ग) सदस्य सचिवको पदावधि सम्बन्धित संस्थाको हैसियतमा रहे सम्म कायम रहने छ ।

**५. पदावधि रिक्त हुनेः**

(क) मृत्यु भएमा,

(ख) राजीनामा दिएमा,

(ग) फौजदारी अभियोग प्रमाणित भएमा,

(घ) स्वास्थ्य संस्थाको अहित हुने काम गरेको प्रमाणित भएमा ।

(ङ) प्रमुख द्वारा मनोनित पदाधिकारीलाई प्रमुखले फिर्ता गरेमा ।

**६. समितिको बैठक र संचालन बिधिः**

(१) (क) समितिको बैठक अध्यक्षको आदेशमा सदस्य सचिवले बोलाउनु पर्ने छ ।

(ख) समितिको बैठक सामान्यताय २ महिनामा एक पटक वा आवश्यक परे बमोजिम बस्ने छ।



CamScanner

(२) बैठकको गणपुरक संख्या:(क)पहिलो पटक समितिको बैठक बस्नका लागी ५१% सदस्यको उपस्थति भएमा बैठकका लागी गणपुरक संख्या पुगेको मानिनेछ ।

(ख) पहिलो पटक गणपुरक संख्या नपुगी बैठक स्थगित भएमा उपस्थित संख्यालाई गणपुरक संख्या मानिनेछ।

(३) समितिको निर्णय उपस्थित सदस्यहरूको बहुमतबाट हुनेछ। कुनै विषयमा मत विभाजन भई बराबर भएमा अध्यक्षले निर्णायक मत दिन पाउँनेछन ।

(४) समितिको बैठक अध्यक्षको अध्यक्षतामा बैठक बस्नेछ र निजको अनुपस्थितमा निजले अधिकार प्रत्यायोजन गरे मात्र उपाध्यक्षको अध्यक्षतामा बैठक संचालन हुनेछ ।

(५) बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गर्ने छ ।

(६) व्यवस्थापन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिले आफैले निर्धारण गर्ने छ ।

**७.समितिको काम कर्तव्य र अधिकारः** समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ।

(क) नेपाल सरकारबाट जारि गरिएको अधारभुत स्वास्थय सेवा प्रवाह र न्युनतमा सेवा मापदण्ड कार्यन्वयनको सुनिश्चितता गराउने ।

(ख) अस्पताल बाट गुणस्तरिय,प्रभावकारी एवम दिगो सेवा प्रवाहको लागी स्वास्थ्य संस्थाको उन्नति र विकासको सन्दर्भमा आवश्यक निति,योजना,कार्यक्रम तर्जुमा र निर्णय गरी कार्यन्वयन गर्ने गराउने ।

(ग) अस्पतालको नियमित संचालन व्यव्थापनको लागी आवश्यक श्रोत साधन जुटाउन पहल गर्ने,वार्षिक वजेट तथा कार्यक्रम तयार गर्ने ।अनुगमन र समिक्षा गरी सेवाको निरन्तर रुपमा गुणस्तर अभिवृद्धि गर्न आवश्यक निर्णय लिने ।

(घ) स्वास्थ्य सेवा तथा सुबिधा सम्बन्धि राष्ट्रिय तथा प्रादेशिक मापदण्ड कार्यन्वयनको सुनिश्चितताको लागी आवश्यक प्रबन्ध मिलाउने ।

(ङ) अस्पतालमा कार्यरत जनशक्तिको उपलब्धता,क्षमता विकास एवम वृति विकासको लागी आवश्यक कार्य गर्ने ।अस्पतालको जनशक्तीको सेवा,शर्त,पारिश्रमिक र अन्य सुविधाहरूका सम्बन्धमा कार्यपालिकालाई सिफारीस गर्ने ।

(च) स्वास्थय सेवाको पहुचबाट बन्चित स्थानीय समुदायलाई स्वास्थ्य सेवाको पहुँचको सुनिश्चतता गर्न आवश्यक कार्यहरू गर्ने ।

(छ) अस्पताल बाट प्रदान गरिने सेवाको पहुच र उपलब्धता सुनिश्चित गराउनका लागी आवश्यक मानव श्रोत व्यवस्थापन सम्बन्धी कार्य गर्ने तथा सेवाप्रदायक र स्वास्थ्यकर्मिहरू लाई सहजरुपमा कार्य सम्पादन गर्न अनकुल तथा सुरक्षित वातावरण सृजना गर्ने र उच्च कार्य सम्पादनका लागी प्रोत्साहित गर्ने ।



CamScanner

(ज) भुगोल, अल्पसंख्यक,आदिवासी जनजाती,जेष्ठ नागरीक,अति विपन्न,असाहय तथा अपाङ्ग भएका वालवालिका ,किशोर,किशोरी,महिला समुह समेतलाई मध्येनजर राखी अस्पतालको प्राथमिकता र योजना तर्जुमा गरी कार्यन्वयन गर्ने ।

(झ) विधुतिय स्वास्थयको अवधारणा कार्यन्वयनका लागी नगरपालिका अन्तर्गत सामाजिक विकास समिति तथा जन स्वास्थ्य शाखा संग आवश्यक समन्वय गर्ने ।

(ञ) अस्पतालले लिने शुल्क,सेवा शुल्क निर्धारण गर्न कार्यपालिकालाई सिफारस गर्ने ।

(ट) स्वास्थ्य बिमा कार्यक्रम,खोप कार्यक्रम,वाल स्वास्थ्य तथा मातृशीशु सुरक्षा कार्यक्रम जस्ता राष्ट्रिय अभियान तथा कार्यक्रमहरूको कार्यान्वयनको आवश्यक प्रबन्ध मिलाउने ।

(ठ) अति विपन्न,असहाय तथा अपाङ्गता भएका व्यक्तिहरूलाई निशुल्क वा सहुलियतपुर्ण स्वास्थ्य सेवा प्रदान गर्न आवश्य प्रबन्ध मिलाउने ।

(ड) अपतालको विकासका लागी आर्थिक तथा अन्य सहयोग जुटाउन सम्बन्धित निकायहरू सँग आवश्यक समन्वय र सहकार्य गर्ने ।

(ढ) अस्पताल संचालनको लागी नगरपालिकाले दिएका निर्देशनहरु स्विकृत कार्यक्रमको कार्यन्वयन गर्ने,गराउने ।

(ण) अस्पताल सेवा प्रवाहको क्रममा आएका गुनासोहरूको उचित सम्बोधन र व्यव्स्थापन गर्ने।

(त) अस्पतालको मासिक प्रगती प्रतिवेदन प्रत्येक महिना एच.एम.आइ.एस. अनुसार तयार गरी डि.एच.आई.एस.२मा तथ्याङ्क प्रविष्ट गर्ने ।

(थ) नेपालको संबिधान,स्थानीय सरकार संचालन ऐन,जनस्वास्थ्य सेवा ऐन लगायत प्रचलित कानुन र निति बमोजिम स्वास्थ्य सम्बन्धी स्थानीय तहको एकल तथा साझा अधिकारहरू कार्यन्वयन,नियमनका लागी व्यव्स्थापन,समन्वय र सहयोग गर्ने ।

(द) संघ,प्रदेश स्थानीय सरकारले चलाएका स्वास्थय सम्बन्धी कार्यक्रम तथा अभियानहरूको कार्यन्वयन तथा आवश्यक समन्वय र सहकार्य गर्ने ।

(ध) नगरपालिकाले तोके बमोजिमको स्वास्थय सम्बन्धि अन्य कार्यहरू गर्ने ।

## परिच्छेद-३

## जनशक्ति ,औषधी तथा उपकरणको व्यवस्थापन

### ८. कर्मचारी व्यवस्थापन:

(१) नगर अस्पतालमा नेपाल सरकार,प्रदेश सरकार र नगरपालिकाले दरबन्दी निर्धारण गरे अनुसारको देहाय बमोजिमको व्यवस्था हुनेछ ।

(क) स्थायी- नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्य जनशक्ति र लोकसेवा बाट पदपुर्तीहुने स्थायी जनशक्ति ।

(ख) करार-करार सेवामा भर्ना गरिएका जनशक्ती ।

(ग)अभ्यासकर्ता-छात्रबृति प्राप्त गरी अध्ययनरत बिधार्थीहरुले अनिवार्य सेवा गर्नुपर्ने जनशक्ती तथा पुर्ण वा आंशिक रुपमा नगरपालिकाको सहयोग प्राप्त गरी छात्रबृतिमा अध्ययन गरेका बिधार्थी ।

(घ) विषय बिज्ञका रूपमा बैतनिक वा अबैतनिक स्वच्छिक सेवा उपलब्ध गराएका व्यक्तिहरू।

(ङ)विभिन्न संघ संस्थाहरूबाट इन्टरनसिप(ओ.जे.टि.)बिधार्थी ।

(२) अस्तालको सेवा प्रबाह उपदफा(१) बमोजिमको कर्मचारीबाट गराउन अपुग भएमा अस्पतालले नगरपालिकाको स्विकृति लिई आफ्नै श्रोतबाट आर्थीक व्यवस्थापन गर्नेगरी सेवा करारमा थप कर्मचारी नियुक्ति गर्न सक्नेछ ।

(३) सेवा करार वा करार सेवामा कर्मचारी नियुक्ति गर्दा खुल्ला प्रतिस्पर्धात्मक पद्दति अनुरुप प्रचलित कानुन बमोजिमको कार्यबिधि अपनाउनु पर्नेछ ।

(४) अस्पतालमा कार्यरत रहेका उपदफा(२) बमोजिमका कर्मचारीहरुको सेवा शर्त र सुबिधा प्रचलित कानुनमा व्यवस्था भएभन्दा कम नहुने गरी समितिले निर्दारण गर्ने छ ।

(५) यो कार्यबिधि प्रारम्भ हुँदा बखत अस्पतालमा स्थायी तथा खुल्ला प्रतिस्पर्धात्मक पद्दति अनुरुप सेवा करार वा करार सेवामा कार्यरत कर्मचारीहरू लाई वयवस्थापन समितिको आर्थिक सक्षमता भएको अवस्थामा थप सुबिधाको व्यवस्थापन गर्न सक्नेछ ।

(६) नियमित बाहेक आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीलाई समितिले निर्णय गरी थप सुबिधा उपलब्ध गराउन सक्नेछ ।

(७) कार्यपालिकाले व्यवस्थापन समितिको सिफारीसमा जनशक्ति दरबन्दि संशोधन गर्नसक्नेछ ।

(८) कार्यपालिकाले अस्पताललाई आवश्यक पर्ने जनशक्तिको भर्ना र छनौट गरी अस्पताललाई सिफारिस गर्नेछ ।

(९) कार्यालय प्रमुखको रुपमा अस्पताल प्रमुखले कार्य गर्ने छ ।

(१०)अस्पतालका प्रमुख सँग प्रमुख प्रशासकिय अधिकृतले र अन्य कर्मचारीहरू सँग अस्पताल प्रमुखले कार्यसम्पादन करार गर्नुपर्नेछ ।

(११) समितिले अस्पताल मार्फत विशेषज्ञ सेवा प्रदान गर्दा आवश्यक जनशक्ति अपुग भएमा कार्यपालिकाको स्विकृतिमा जनशक्ति व्यवस्थापन गर्ने छ ।

(१२)समितिले नगरपालिका सँग समन्वय गरी सरकारी,निजि,तथा गैरसरकारी स्वास्थय संस्थासंगको साझेदारीमा सेवा करार मार्फत पनी जनशक्ती वयवस्थापन गर्न सक्नेछ ।

**९. अभ्यासकर्ता सम्बन्धी वयवस्थाः**

अस्पतालमा स्वास्थ्य सेवा प्रवाह नियमित र प्रभावकारी बनाउन थप जनशक्ति आवश्यक भएमा नेपाल सरकारको छात्रबृतिमा अध्ययन गरेका बिधार्थी तथा न्युनतम शैक्षिक योग्यता पुगी सम्बन्धित परिषदमा दर्ता भएका साथै अध्ययनरत बिधार्थीहरूलाई अस्पतालले प्रचलित कानुन बमोजिम अभ्यासकर्ताको रुपमा नियामानुसार काममा लगाउन सक्नेछ ।

१०.कर्मचारी तथा स्वास्थयकर्मिहरूको सेवा सुबिधाः

करमचारी तथा स्वास्थ्यकर्मिहरूको सम्पुर्ण सेवा सुबिधा,अतिरिक्त समय,रात्रिकालिन सेवा,तथा सट्टा बिदा प्रचलित कानुनबमोजिम तथा समितिले तोके बमोजिमहुनेछ ।

११. अस्पताल प्रमुखको काम कर्तव्य र अधिकारः

(क) अस्पताल व्यवस्थापन समितिको अधिनमा रहि नेपाल सरकारबाट जारी गरिएका आधारभुत स्वास्थ्य सेवा तथा आवश्यकता अनुसार विशेषज्ञ सेवा प्रवाह गर्न न्युनतम सेवा मापदण्डलाई कार्यान्वयन गर्ने र अस्पतालको दैनिक सेवा संचालन गर्ने गराउने ।

(ख) अस्पताल संचालनका लागी सरकारी, गैर सरकारी तथा निजि संस्थाहरू संग समन्वय गर्ने ।

(ग) अस्पताल संचालका लागी बार्षिक बजेट/कार्यक्रम तयार गरी कार्यपालिकामा पेश गर्ने ।

(घ) अस्पतालको गुणस्तर कायम राख्न,क्षमता अभिबृद्धि गर्न,स्तरोन्नति गर्न तथा समितिले तोकेको अन्य आवश्यक कार्य हरू गर्ने ।

(ङ) अस्पतालको प्रमुख भई कामकाज गर्ने ।

१२. संयोजकको काम कर्तव्य र अधिकारः

(क)अस्पतालको दैनिक सेवा संचालन गर्न नगरपालिका तथा अन्य निकायहरू सँग समन्वय गर्ने।

(ख) अस्पताल व्यवस्थापन समितिको निर्णय निर्देशन कार्यन्वयन गर्न गराउने ।

(ग) अस्पतालको गुणस्तर कायम राख्न,क्षमता अभिबृद्धि गर्न,स्तरोन्नती गर्न तथा समितिले तोकेको अन्य आवश्यक कार्यहरू गर्ने ।

(घ) नगरपालिका ,समिति तथा अस्पताल प्रमुखले तोकेको अन्यकार्य हरू गर्ने ।

(ङ) अस्पतालको प्रशासनिक कामकाज समेत गर्ने ।

१३.औषधि खरिद,भण्डारण तथा वितरणः

(१) नगरपालिकाबाट निःशुल्क वितरण गर्ने औषधि तथा अस्पताल फार्मेसीबट बिक्री बितरण गर्ने औषधि अपर्याप्त भएमा नगरपालिका सँगको समन्वयमा अस्पतालले सार्बजनिक खरिद ऐन २०६३ र नियामावली २०६४ बमोजिमको प्रकृयाले आवश्यक औषधि खरिद गर्न सक्नेछ।

(२)अस्पतालले वार्षिक रुपमा आवश्यक पर्ने औषधि तथा स्वास्थ्य उपकरणको अनुमान गरी बार्षिक खरिद योजना बनाई समितिको सिफारसमा नगरपालिकाबटा स्विकृत गर्नुपर्नेछ।

(३)अस्पतालले निशुल्क उपलब्ध गराउने औषधि नियमित रुपमा उपलब्धताको व्यवस्था गर्नु पर्नेछ

(४)अस्पतालमा आउने बिरामीको संख्या तथा रोगको आधारमा औषधिको माँग तथा आपुर्तिको नियमित सन्तुलनको व्यवस्था मिलाउनु पर्नेछ ।

(५) औषधि नष्ट हुनबाट बचाउन तथा गुणस्तर कायम गर्न नेपाल सरकारले तोकेको मापदण्ड अनुसार भण्डार गर्नु पर्नेछ ।

(६) औषधि आपुर्ति तथा वितरणलाई पारदर्शि बनाउन अस्पताल प्रमुखले अस्पतालमा कार्यरत कर्मचारी/स्वास्थ्यकर्मि मध्ये एक जना लाई जिम्मेवारी तोक्न सक्नेछ ।

(७) उपदफा(६) बमोजिम तोकिएको कर्मचारीले नियमित जिन्सी स्रेस्ता मिलाउनु पर्ने र दैनिक औषधिको खपतलाई मौज्दात दैनिक अभिलेख राख्नुपर्ने साथैउपकरणको विवरण दुरूस्त राख्नुपर्ने छ ।साथै स्टोरकिपर समेतको कामकाज गर्नुपर्नेछ ।

(८) स्टोर किपरले खर्च भएर जाने र नजाने जिन्सी रजिष्टरको लागत राखी व्यवस्थापन समिति समक्ष त्रैमासिक रुपमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(९) प्रेस्कृपस्न अनुसार औषधिको समुचित प्रयोगको लागी सेवाग्राही वा हेरचाह गर्ने कर्मचारी वा औषधि लिन आउने व्यक्तिलाई औषधि दिने व्यक्तिले निम्न बमोजिम जनकारी दिनुपर्नेछ ।

(क) औषधि सेवन बिधि र मात्रा

(ख) औषधिको सेवन अवधि

(ग) औषधि बाट हुनसक्ने प्रति असर

(घ) औषधि सेवन अवधिभर अपनाउनु पर्ने सावधानी

(ङ) औषधि सुरक्षित राख्ने स्थान र विधि

(१०)औषधि वितरण गर्दा औषधि बिक्रि वितरण सम्बन्धि संहिता र औषधि सम्बन्धि प्रचलित कानुनको पालना गर्नु पर्नेछ ।

(११)अस्पतालले आपुर्ति व्यवस्थापन सुचना प्रणालीमा नियमित रुपमा औषधि उपकरणको विवरण पठाउनुपर्नेछ ।

**१४.फार्मेसी संचालन गर्नेः**

(१) निःशुल्क औषधि वितरण तथा अस्पतालमा आवश्यक औषधि विक्री वितरण गर्न अस्पतालले आफ्नै फार्मेसी संचालन गर्ने छ ।

(२) फार्मेसी मार्फत बिक्री वितरण गर्ने औषधिको व्यवस्थापन नगरपालिकाको समन्वयमा अस्पतालले गर्नेछ ।

(३)फार्मेसी संचालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन र फार्मेसी संचालन निर्देशिका बमोजिम हुनेछ ।

**१५.एम्बुलेन्स संचालनः**

(१) अस्पतालले आफ्नै स्रोतबाट वा अन्य संघ संस्थाको सहयोग र साझेदारीमा एम्बुलेन्स सेवा संचालन गर्न सक्नेछ ।

(२) एम्बुलेन्स संचालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुने छ ।



CamScanner

१६.आकस्मिक स्वास्थ्य सेवा व्यवस्थापनः

(१) अस्पतालले २४सै घन्टा आक्समिक सेवा प्रदान गर्नु पर्नेछ ।

(२) अस्पतालमा संभव उपचार तत्काल गरी थप उपचार आवश्यक भएमा उपयुक्त स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ ।

(३) अस्पतालले प्रदान गर्ने आक्समिक स्वास्थ्य सेवाको विवरण सम्बन्धित स्वास्थ्यकर्मीको जिम्मेवारी र कर्तव्य समेत खुल्नेगरी आक्समिक उपचार कक्षमा सबैले देख्ने ठाउँमा राख्नुपर्नेछ ।

(४) अस्पतालले प्रदान गरेको सेवा मध्ये आधारभुत स्वास्थ्य सेवाभित्र पर्ने आक्समिक उपचार निःशूल्क उपलब्ध गराउनुपर्नेछ र आधारभुत वा बाहेकका आक्मिक उपचार खर्चको व्यवस्थापन स्वास्थ्य वीमा भएको हकमा सोही वीमाबाट र वीमा नभएको वा वीमा रकमले नपुगको अवस्थामा सम्बन्धित व्यक्ति,निजको अभिभावक,परिवारका सदस्य,संरक्षक वा संरक्षकत्व गरिरहेको व्यक्तिले व्यहोर्नु पर्नेछ ।

(५) अस्पतालमा कसैलाई पनि आक्समिक उपचार सेवाबाट बंचित गरिने छैन। अति विपन्न,वेवारिसे,तत्काल संरक्षक अभिभावक नभएका सेवाग्राहीलाई नगरपालिकाको आक्समिक उपचारकोषबाट वा अन्य शिर्षकबाट खर्च व्यहोर्ने गरी आक्समिक सेवा उपलब्ध गराउनु पर्नेछ।

१७.सेवा व्यवस्थापनः

(१) अस्पतालमा प्रशासनिक कार्यालय,ओ.पि.डि.,प्रयोगशाला,वार्डहरू,इमेजिड कक्ष,शल्यक्रिया कक्ष,आक्समिक कक्ष, फार्मेसी,क्यान्टिन,सोधपुक्ष-दर्ता कक्ष,प्रतिक्षालय, लगायत प्रचलित मापदण्ड वमोजिम गुणस्तरीय सेवा प्रदान गर्नका लागी आवश्यक न्युनतम भौतिक पुर्वधार,उपकरण तथा जनशक्तिको व्यवस्थापन हुनुपर्नेछ ।

(२)अस्पतालले बहिरङ्ग विभागमा आउने विरामीको चापका आधारमा बिरामी दर्ता,विशेषज्ञ परामर्श,निदानात्मक सेवाहरू र औषधि कक्षमा छिटोछरितो सेवा दिने व्यव्स्था मिलाउने छ ।

(३) अस्पतालले बहिरङ्क सेवा प्रदान गर्ने विशेषज्ञ चिकित्सक वा अन्य चिकित्सकहरू उपलब्ध हुने समय तालिका(दिन,बार र समय) खुल्नेगरी सबैले देख्ने ठाउँमा राख्नुपर्नेछ ।

(४) अस्पतालले उपलब्ध गराउने भनिएको विशेषज्ञ सेवा सम्बन्धित विशेषज्ञ चिकित्सकबाटै प्रदान गर्न व्यवस्था मिलाउने छ ।

(५)बिरामिले आफुले सेवा लिन चाहेको विषयको चिकित्सकबाट सेवा लिन पाउने व्यवस्था सुनिश्चित गर्नेछ ।

(६)अस्पतालले २४सै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मि बाट आकस्मिक सेवा दिने व्यवस्था मिलाउने छ ।



CamScanner

(७)बिरामी वा बिरामिको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार पद्धतिबारे स्पष्ट जनकारी दिने व्यवस्था हुने छ ।

(८) अस्पतालमा विश्व स्वास्थ्य संगठनले निर्धारण गरेको मापदण्ड बमोजिम संक्रमण रोकथाम र नियन्त्रणको व्यवस्था हुनेछ र सोको नियमित र प्रभावकारी अनुगमनको व्यवस्था हुनेछ ।

(९)अस्पतालले नेपाल सरकारबाट संचालित सेवा वा कार्यक्रम संचालन गर्दा नेपाल सरकारले तोकेको प्रोटोकल,मापदण्ड,निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनेछ ।

(१०) अस्पतालबाट निष्कासनहुने सामान्य तथा स्वास्थ्यजन्य फोहोरमैला प्रकृति अनुसार स्रोतमै अलग अलग छुटयाउने,संकलन,ढुवानी तथा उचित विसर्जन गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(११) अस्पतालमा उपचारका लागी आउने विपन्न असहाय,बेवारिसे बिरामिको लागी कुल शैयाको १० प्रतिशत निःशुल्क उपचार अनिवार्य रुपमा उपलब्ध हुनेछ। थप निशुल्क उपचार समितिको निर्णयानुसार हुनेछ ।

(१२) उपगदफा (११) बमोजिमको उपलब्ध गराएको उपचार सेवाको अभिलेख राखि नगरकार्यपालिकामा सोको प्रतिवेदन नियमित रुपमा उपलब्ध गराउने व्यवस्था गर्नु पर्नेछ ।

(१३) अस्पतालमा बिभिन्न ईकाई बाट प्रदान गरिने सेवाहरूको गुणस्तरिय रुपमा संचालन गर्न समितिले छुटै कार्य संचालन निर्देशिका तयार गरी लागु गर्नेछ ।

(१४) स्वास्थ्य सेवा संचालन र पुर्वधार सम्बन्धि अन्य व्यवस्था प्रचलित कानुन,मापदण्ड र प्रोटोकल बमोजिम हुनेछ ।

## परिच्छेद-४
## कोष तथा लेख परिक्षण

**१८. अस्पतालको कोषः**

(१)अस्पताल संचालन तथा व्यवस्थापन समितिको नाममा छुट्टै कोष रहनेछ ।

(२)उप दफा(१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन र अस्पतालको खर्च सो कोषबाट व्यहोरिनेछ।

(क) नेपाल सरकार तथा प्रदेश सरकार बाट प्राप्त अनुदान /बजेट रकम ।

(ख) नगरपालिका बाट प्राप्त अनुदान/बजेट रकम ।

(ग) अस्पतालको आम्दानीबाट प्राप्त रकम ।

(घ) कुनै व्यक्ति,स्वदेशी ,विदेशि दाता,गुठि वा संस्था बाट प्राप्त रकम ।

(ङ) व्यववस्थापन समितिको पहल बाट प्राप्त रकम दान,चन्दा आदि रकम ।

(च) अस्पतालले संचालन गरेको सेवा वापत प्राप्त हुने रकम ।

(छ) वैदेशिक अनुदान ,सहयोग रकम ।



CamScanner

(ज)अन्य श्रोत बाट प्राप्त रकम ।

(३)उप दफा २को (छ) बमोजिमको अनुदान रकम प्राप्त गर्नु अगाडी प्रचलित कानुन बमोजिम स्विकृति लिनु पर्नेछ ।

(४) अस्पताललाई प्राप्त हुने सबै प्रकारका आम्दानी उप दफा (१) बमोजिमको कोष खातामा जम्मा गर्नु पर्ने छ ।

(५) अस्पताल व्यवस्थापन समितिको तर्फ बाट गरिने सम्पुर्ण खर्च उप दफा (१) बमोजिमको कोष बाट हुने छ ।

(६) समितिले अस्पतालको नियमित स्वास्थ्य सेवा प्रवाह र जनस्वास्थ्यका प्रचलित मापदण्ड एवम मुल्य मान्यता प्रतिकुल नहुने कुराको सिनिश्चित गरी आन्तरिक स्रोत साधन व्यवस्थापन गर्न अस्पतालको भौतिक सम्पतिको सदुपयोग गर्न सक्नेछ ।

**१९.कोष तथा खाता संचालनः**

(१) व्यवस्थापन समिति र अस्पतालको आय व्यय दुरूस्त राख्न समितिले निर्णय गरी तोकिएको २ जना पदाधिकारी वा स्थायी कर्मचारीको संयुक्त दस्तखत बाट खाता संचालन हुने छ ।

(२) अस्पतालको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम हुने छ ।

(३) अस्पतालको आर्थिक कारोवारको उतरदायित्व,जिम्मेवारी र जवाफदेहिता आर्थिक कारोवारको निर्णयकर्ता सम्बन्धित खाता संचालन गर्न अधिकार प्राप्त कर्मचारीको हुनेछ ।

(४)अस्पतालको आम्दनी र खर्चको अभिलेख र खर्च सम्बन्धी कार्यविधि,लेखाको अभिलेखको सिद्धान्त,आर्थिक विवरण तयारी,सम्पतिको अभिलेख तथा जिन्सी व्यवस्थापन,आय व्यय तथा सम्पतिको विवरण तयारी,आन्तरिक लेखा परिक्षणको सिद्धान्त,बेरूजु अभिलेख,बेरूजु फर्छयौट लगायतका विषयहरू प्रचलित आर्थिक कार्यबिधि सम्बन्धी कानुन बमोजिम हुने छ ।

(५) अस्पताललाई आवश्यक पर्ने निर्माण,मालसामान,परामर्श सेवा र अन्य सेवाको खरिद सम्बन्धी व्यवस्था र खरिद प्रकृया सार्बजनिक खरिद ऐन २०६३ र सार्बजनिक खरिद नियामावली बमोजिम हुनेछ ।

(६) कोषको खाता संचालन समितिले निर्णय गरे बमोजिम सरकारी कारोबार गर्न स्विकृति प्राप्त बैंक तथा वितिय संस्थामा हुनेछ ।साथै सो खाता प्रचलित कानुन बमोजिम संचालन हुनेछ ।

**२०.लेखा परिक्षणः**

(१) अस्पताल व्यवस्थापन समितिले तोकिए बमोजिम अस्पतालको आय व्ययको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्ने छ ।

(२) आन्तरिक लेखा परिक्षण नगरपालिकाको आन्तरिक लेखा परिक्षण शाखाबाट हुने छ ।



CamScanner

(३) समितिको अन्तिम लेखा परिक्षण नगरपालिकाको श्रेस्ता सँगै महालेखापरीक्षक वा निजले तोकेको लेखा परिक्षकबाट हुने छ।

२१. **बैठक भत्ता**: समितिका सदस्यहरूको बैठक भत्ता तथा बैठक सम्बन्धी अन्य खर्च नगरपालिकाको आर्थिक नियमावली बमोजिम व्यवस्थापन समितिको आम्दानीबाट व्यहोर्ने गरि हुनेछ ।

२२.**सेवा शुल्क सम्बन्धि व्यवस्था**: अस्पतालबाट प्रदान गरिने सेवाको आवश्यक शुल्क समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।तर निःशुल्क भनि तपकिएका सेवाको शुल्क लिन पाईने छैन ।

## परिच्छेद-५
## सुचना,अभिलेखीकरण,गुनासो व्यवस्थापन

**२३.अस्पताल सुचना प्रणाली**:

(१) अस्पतालबाट प्रदान गरिएका सेवा सम्बन्धि सम्पुर्ण तथ्याङ्कहरू नियामानुसार अभिलेख व्यवस्थापन गर्नुपर्नेछ ।

(२)अस्पतालले स्वास्थ्य सेवा सम्बन्धि सुचना नगरपालिका,प्रदेश तथा संघको सम्बन्धित निकायमा आवश्यकता अनुसार उपलब्ध गराउनुपर्नेछ ।

(३) अस्पतालबाट प्रदान बएका सेवा सुबिधाहरूको अभिलेखिकरण तथा प्रतिवेदन स्वास्थ्य व्यवस्थापन सुचना प्रणाली अनुसार हुनेछ ।

(४) बिरामिले स्वास्थ्य संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क,प्रक्रिया तथा अवधि समेत खुलाएको अनुसुची-१ बमोजिमको नागरिक वडापत्र हस्पतालको अग्रभागमा देखिनेगरी राख्नु पर्नेछ र सोहि अनुरूप सेवाहरू सुनिश्चितता गर्नुपर्नेछ ।

(५) अस्पतालले प्रदानगर्ने स्वास्थ्य सेवाको बारेमा समय समयमा अस्पतालले जनचेतनामुलक अभियान संचालन गरी समुदायलाई जनकारी गराउनेछ ।

(६) अस्पताल वा स्वास्थ्यकर्मीले संकलन गरेको स्वास्त्य सम्बन्धि व्यक्तिगत सुचना,कागजात,जानकारी,तथ्याङ्क तथा अभिलेखको गोपनियताको सुनिश्चितता गर्नु अस्पताल तथा स्वास्थ्यकर्मीको जिम्मेवारी हुनेछ ।

**२४.गुणासो व्यवस्थापन**:

(१) अस्पतालले सबैले देख्ने ठाउँमा सुझाव तथा उजुरी पेटीका राख्ने र प्रतयेक हप्ता नियमित रुपमा खोल्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) अस्पतालले स्वास्थ्य सेवा सम्बन्धि गुणासो,उजुरी र सुझाव संकलन गर्ने र त्यसको सम्बोधनको लागी छुट्टै एक अधिकारी तोक्नेछ ।

**२५. प्रेषण सम्बन्धि व्यवस्था**:



CamScanner

(१) उपचारका लागी आएको बिरामीलाई उपुक्त कारणले उपचाचर प्रदानगर्न नसकिने अवस्था भएमा अस्पतालले अस्पतालमा उपलब्ध भएको सेवा प्रदान गरी थप उपचारका लागी तिरन्त त्यसतो बिरामीलाई उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्नेछ । तर अस्पतालमा उक्त सेवा,जनशक्ती र उपचार हुने अवस्था हुँदाहुँदै प्रेषण गर्न पाईने छैन ।

(२) अस्पतालले प्रेषण गर्ने संस्थाहरूको पुर्ब पहिचानगरी सोको अधावधिक सुची राख्नु पर्दछ र प्रेषण गर्दा तत्काल सेवाको सुनिश्चितता गरे मात्र पठाउनु पर्नेछ ।

(३) प्रेषण गर्दा अस्पतालले प्रेषण मापदण्ड बमोजिमको न्युनतम उपकरण र सेवा उपलब्ध गराउनुपर्नेछ ।

(४) प्रेषण गर्दा गर्भावती महिला,गम्भिर अवस्थाका विरामी र विपन्न नागरीकलाई अस्पतालले एम्बुलेन्स सेवामा सहुलियत प्रदान गर्न सक्नेछ ।

(५) प्रेषण भएका बिरामीको स्वास्थ्य अवस्था हेरी अस्पतालले उपचारमा प्राथमिकिकरण गर्न सक्नेछ ।

(६) अस्पतालमा प्रेषण भइ आएका विरामीलाई डिस्चार्ज गर्दा प्रेषण फिर्ती पुर्जा सहित डिस्चार्ज गरी सोको विवरण अधावधिक रुपमा राख्नु पर्ने छ ।

(७) उपदफा(६) बमोजिम डिस्चार्ज गर्दा विरामीलाई देहायका विवरणहरू उल्लेख गरी अनुसुची-२ बमोजिमको डिस्चार्ज सारंश दिनुपर्नेछ ।

(क) बिरामीको परिचय पत्र नं.

(ख) मुख्य समस्याहरू

(ग) भौतिक परिक्षण गर्दा प्राप्त रिपोर्टका सारांश

(घ) तत्काल गरिएको परिक्षणको सारांश

(ङ) उपचारको क्रममा भेटिका तथ्य

(च) उपचारको क्रममा अपनाईएको प्रकृया

(छ) उपचारको क्रममा अस्पतालमा रहेको अवधि

(ज) गरिएको उपचारको विवरण

(झ) डिस्चार्ज हुँदाको अवस्था,सो समयमा दिईएको निर्देशन तथा डाइट,व्यायम,उपचार पद्दति,औषधिको मात्रा,प्रकृया तथा अवधि

(ञ) पुनः आउनुपर्ने वा नआउनुपर्ने जनकारी

(ट) निदानात्मक जाँचहरूको रिपोर्टको सारंश

(ठ) अन्य आवश्यक कुराहरू

## परिच्छेद-६

## विविध

२६.**अस्पतालको छापः** अस्पतालको सम्पुर्ण काम कारवाहीको निमित एउटा छुटै छाप हुने छ । छापको नमुना र अकार अनुसुची-३मा उल्लेख भएबमोजिम हुनेछ ।

२७. **अस्पतालकोको संगठन संरचनाः** अस्पताको आफ्नै सङ्गठन संरचना हुने छ ।संगठन संरचना प्रचलित कानुन बमोजिम नगरपालिकाले निर्धारण गर्ने छ ।

२८.**साझेदारी गर्न सक्नेः** अस्पतालले अस्पतालको सेवालाई व्यवस्थित रप्रभावकारी बनाउन अस्पतालको स्तरोन्नती सरसफाई तथा फोहर व्यवस्थापन,क्यान्टिन,सुरक्षा व्यवस्था,लन्ड्रि,एम्बुलेन्स तथा शव वाहन सेवा लगायतका व्यवस्थापन गर्न विशेषज्ञ सेवा संचालन गर्न नगरपालिका सँग समन्वय गरी आवश्यकता अनुसार प्रचलित कानुन बमोजिम सामुदायीक,सरकारी,निजि,तथा गेरसरकारी निकाय वा संस्थासँग सम्झौता वा साझेदारीमा गर्न सक्नेछ ।

२९.**प्रतिवेदन पेश गर्नेः** समितिले अस्पतालको कामकरवाहीको प्रतिबेदन अर्द्ध बार्षिक तथा बार्षिक रुपमा नगरपालिकामा पेश गर्नु पर्ने छ ।

३०. **निर्देशन पालना गर्नु पर्नेः**कार्यपालिकाले दिईएको निर्देशनहरूको पालना गर्ने समितिको कर्तव्य हुने छ ।

३१.**नगरपालिका लाई आर्थिक दायित्व सृजना गर्न नहुनेः** नगरपालिकाको स्विकृति विना समितिले नगरपालिकालाई थप आर्थिक भार पर्ने गरी दायित्व सृजना गर्नु हुदैन ।

३२. **अधिकार प्रत्यायोजन गर्न सक्नेः**समितिले आफूलाई प्राप्त हुने अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्षले उपाध्यक्ष र समितिका सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्ने छ ।

३३. **परामर्श सेवा प्रदान गर्ने सक्नेः** अस्पतालले अस्पतालको हितमा समितिको निर्णयानुसार परामर्श सेवा प्रदान तथा गर्न सक्नेछ ।

३४. **ब्याख्या गर्ने अधिकारः** यस कार्यबिधिमा उल्लेखित कुनै प्रवधानको कार्यन्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयनमा बाधा आई परेमा नगरकार्यपालिकाले व्याख्या गर्नेछ।

३५.**प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यबिधिमा उल्लेख भएका विषयहरू यसै बमोजिम र यसमा उल्लेख नभएका विषयहरू प्रचलित कानुन बमोजिम हुनेछ ।

३६. **संसोधन गर्नु परेमाः** यस कार्यबिधिमा उल्लेख भएका विषयहरूको संसोधन गर्नु परेमा कार्यपालिकाबाट संसोधन हुनेछ ।

अनुसुची-१

दफा २३को उपदफा(४) सँग सम्बन्धित

अस्पतालबाट प्रदान गरिने सेवाको

नागरिक वडापत्रको ढाँचा

| क.सं. | शाखा/ वार्ड | प्रदान गरिने सेवाको विवरण | सम्बन्धित सम्पर्क व्यक्ति | प्रक्रिया | लाग्ने समय | लाग्ने शुल्क | गुनासो सुने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |



CamScanner

अनुसुची-२

दफा २५को उपदफा(७) सँग सम्बन्धित

डिस्चार्ज सारांश ढाँचा

<table>
<tr><td colspan="2">सिम्रौनगढ नगर अस्पताल<br>डिस्चार्ज सारांश</td></tr>
<tr><td>विरामीको नामः</td><td>उमेरः</td></tr>
<tr><td>विरामीको ठेगानाः</td><td>सम्पर्क नं.</td></tr>
<tr><td>अस्पतालको वार्डः</td><td>युनिटः</td></tr>
<tr><td>विरामीको परिचयपत्र नं./दर्ता नं.</td><td>मितिः</td></tr>
<tr><td colspan="2">समस्याहरूः<br>................<br>................</td></tr>
<tr><td colspan="2">परिक्षण विवरणः<br>.......................<br>......................</td></tr>
<tr><td colspan="2">उपचारको क्रममा भेटिएका तथ्य उपचार प्रक्रिया र पद्दतिः<br>..................................................................................................................</td></tr>
<tr><td colspan="2">उपचारको क्रममा स्वास्थ्य संस्थामा रहेको अवधिः<br>भर्ना भएको मिति र समयः</td></tr>
<tr><td>उपचार सम्बन्धि विवरणः<br>.............................................</td><td>सिफारिस औषधिको नाम,मात्रा र अवधि<br>...............................................</td></tr>
<tr><td colspan="2">डिस्चार्ज हुँदाको स्वास्थ्य अवस्था,सो समयमा दिइएको निर्देशनः<br>...................................................................................................</td></tr>
<tr><td colspan="2">पुनः अस्पताल आउने(Follow up)सम्बन्धि विवरणः<br>यस उपचारको क्रममा पुनः अस्पताल आउनुपर्ने वा नपर्ने<br>आउनु पर्ने मितिः</td></tr>
<tr><td colspan="2">अन्य आवश्यक कुराहरुः<br>........................................................................................................................</td></tr>
<tr><td colspan="2">....................<br>इन्चार्जको हस्ताक्षर</td></tr>
</table>



CamScanner

अनुसुची-३

दफा २६ सँग सम्बन्धित

अस्पतालको छापका नमुना

१. छापको नमुनाः नगरकार्यपालिकाको लोगोको तल नगर अस्पताल रहेको ठेगाना रहनेछ।

२. छापको आकारः नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ ।

आज्ञाले

नाम : जय नरायण यादव

पद : प्रमुख प्रशासकिय अधिकृत

मिति :२०८०/०७/२५

पृष्ठ संख्या : १७